नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
# विद्युत विकास विभाग
( अनुमतिपत्र महाशाखा )

फोन नं.: ४५३४११९, ४५११५३७, ४५१९५०१, ४५३९३६२
फ्याक्स: ४५३९९०३
पोष्ट बक्स नं.: २५००७
सानोगौचरण, काठमाडौं, नेपाल

पत्र संख्या : ०८२/८३
चलानी नं.: १५७४

मितिः २०८३/०१/०८

विषयः घट्ट खोला जलविद्युत आयोजनाको विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको दरखास्त सम्बन्धमा।

श्री सीतादेवी हाइड्रोपावर प्रा. लि.
ठमेल-२६, काठमाण्डौ

प्रस्तुत विषयमा तँहाबाट पेश भएको घट्ट खोला जलविद्युत आयोजनाको विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको दरखास्त उपर कारबाही हुँदा विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धि निर्देशिका, २०७५ (पाँचौ संशोधनसहित) को दफा १० को उपदफा (३) बमोजिम **तपशिल**का नपुग कागजात/विवरणहरू **पैतिस** (३५) दिनको समयावधिभित्र विभाग समक्ष पेश गर्नुहुन तथा उक्त आयोजना मनास्लु संरक्षण क्षेत्रमा पर्ने देखिएकोले सोहि निर्देशिकाको दफा १२(५) बमोजिम <u>छ महिना</u> भित्र वन तथा वातावरण मन्त्रालयको सहमतिपत्र पेश गर्नुहुन र सो अवधिभित्र सहमति पेश गर्न नसकेमा दरखास्त रद्द हुने व्यहोरा मिति २०८३/०१/०४ को विभागीय निर्णयानुसार जानकारी गराइन्छ।

तपशिलः

१. प्रवर्द्धक कम्पनीको शेयरवाला दर्ता किताबको नोटराइज प्रतिलिपि,
२. प्रवर्द्धकको तर्फबाट सम्पर्क वा पत्राचार गर्न तोकिएको आधिकारिक/अख्तियारी प्राप्त व्यक्ति, पत्राचार गर्ने स्पष्ट ठेगाना सम्बन्धमा संचालक समितिको बैठकको निर्णयको प्रमाणित प्रति र अख्तियारी प्राप्त व्यक्तिको प्रमाणित परिचय पत्रको नोटराइज प्रति एवं सम्पर्क नं.,
३. प्रवर्द्धक कम्पनीको अघिल्लो आर्थिक वर्षको लेखा परीक्षण गरिएको वित्तीय विवरणहरू तथा कर चुक्ता प्रमाण-पत्रको नोटराइज प्रतिलिपि,
४. विभागबाट तोकिएको ढांचामा प्रवर्द्धक कम्पनीको UDIN no. समेत खुलेको नेट वर्थ प्रमाण र सो लाई पुष्टि हुने कागजात विवरणहरु,
५. नेट वर्थ तयार गर्ने CA को संस्था दर्ता प्रमाण पत्र, आ.व.२०८१/८२ को कर चुक्ता प्रमाण पत्र, प्यान दर्ता सम्वन्धी कागजात तथा नवीकरण भएको निस्साको नोटराइज गरिएको प्रतिलिपि ।

Anusha
(अनुशा अधिकारी)
इन्जिनियर